बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं. प्रदेश

## नदि / खोलाबाट श्रमजन्य प्रविधि / प्रकृयाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) बमोजिम सूचनामा उल्लिखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E. प्रतिवेदनमा तोकिएको क्षेत्र र नाकाबाट ढुङ्गा, गिटी/मिक्सगिट्टी उत्खनन् संकलन तथा विक्री शुल्क असुली गर्न तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही (छुट्टाछुट्टै BoQ भरी) बिधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने क्षेत्र | उत्खनन् योग्य परिमाण (घनमिटर) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB-01-2079-080 | लोहन्द्रा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य | लोहन्द्रा खोलाको एकल नाकाहरू र सुन्दरहरैंचा नगरपालिका र बेलबारी नगरपालिकाका संयुक्त नाका तर्फका बेलबारी नगरपालिकाका तर्फका नाकाहरुबाट ढुङ्गा, गिटी / मिक्स गिटी उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी । (नाकाहरुको विवरण बेलबारी नगरपालिकाको वेवसाईटमा राखिएको छ ।) | मिक्स गिट्टी : २६४९००० | १,५८,९४,०००/- (अक्षरेपी एक करोड अन्ठाउन्न लाख चौरानब्बे हजार मात्र ) | कबोल गरेको रकम को ५ प्रतिशत | ३,०००/- अक्षरेपी तीन हजार मात्र | e-Bid मात्र। |
| २ | BM/MOR/G/NCB-02-2079-080 | चिसाङ खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य | बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको सिमा खोला चिसाङका संयुक्त नाकाबाट खोला खोलाजन्य पदार्थ ढुङ्गा, गिटी / मिक्स गिटी उत्खनन संकलन तथा बिक्री सम्बन्धी कार्य । (नाकाहरुको विवरण बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको वेवसाईटमा राखिएको छ ।) | मिक्स गिट्टी : २०७६७४५.३६ | १,२४,६०,४७२.१६/- (अक्षरेपी एक करोड चौबिस लाख साठ्ठी हजार चार सय बहत्तर रुपैया सोह्र पैसा मात्र ) | कबोल गरेको रकम को ५ प्रतिशत | ३,०००/- अक्षरेपी तीन हजार मात्र | |

- खोलाजन्य पदार्थ (ढुङ्गा, गिटी / मिक्स गिटी आदि) को दर प्रति घन फिट (भ्याट बाहेक) रु. ६।०० (स्टक प्रमाणित बाहेक) ।
- सि.नं. १ र २ को दुबै बोलपत्रहरुका लागि देहायका शर्तहरू हुनेछन र ईच्छुक बोलपत्रदाताले छुट्टाछुट्टै BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ ।

**शर्तहरुः**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया) देहायका जुनसुकै खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ सम्लग्न राखी गरी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ । सि.नं. १ र २ को बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी माथी उल्लिखित दुवै ठेक्काको छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

१ नं. प्रदेश

**देहाय** (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्र.स. | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिता गर्ने खाता नं.हरु / संकेत नं. | धरौटी खाता नं. | कैफियत |
|---|---|---|---|---|---|
| क | बेलबारी नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा बेलबारी | २४३०१००३०१०१०००२ | २४३०१००३०३००००२ | बोलपत्र फारम दस्तुरका लागि चार मध्ये जुन सुकै कार्यालयको राजस्व शाखा / संकेत नं मा दाखिला गर्न सकिने। |
| ख | ३०५०११३०१ | "क" वर्गका बैंक | १४२२९ | --- | |
| ग | सुन्दरहरैंचा नगरपालिका | कृषि विकास बैंक लिमिटेड, शाखा बिराटचौक | ०६०१५०११४७६३०१६३ | --- | |
| घ | कानेपोखरी गाउँपालिका | एनआईसी एसिया बैंक लिमिटेड, शाखा रमाईलो | १३३CA५००२१४६०००२ | --- | |

नोट : माथि उल्लिखित जुनैसुकै कार्यालय / कार्यालय संकेत नं मा बोलपत्र फारम दस्तुर बापतको राजस्व दस्तुर बुझाउन सकिनेछ । कबोल अंकको ५ प्रतिशत धरौटी भने बेलबारी नगरपालिकाको क्र.स. **(क)** मा तोकिएको धरौटी खाता वा बेलबारी नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ ।

३. बोलपत्र दर्ता भएको दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन साथै प्रि बिड बैठक मिति २०७९।०६।०५ गते बुधबारका दिन दिनको ०२:०० बजे यस कार्यलयमा हुनेछ ।

४. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७/०७८ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

५. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

६. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी / गराई बेलबारी नगरपालिकाको विभाज्य कोष खाता नं. २४३०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

७. किस्तामा बुझाउन चाहाने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर वाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०७९ फाल्गुण मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७९ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८० श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अवधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०७९ चैत्र १ गते निज कबोलकर्तालि पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।

८. ठेक्काको अबधि सम्झौता अबधि देखि २०८० जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप उत्खनन गर्न रोक लगाइने छ ।

९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित बाहेक) संकलन गर्नुपर्नेछ ।

बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१२. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. उत्खनन क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा श्रमजन्य प्रविधि / प्रकृयाबाट मात्र तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खनन, संकलन तथा बिक्री गर्नुपर्नेछ (कुनै पनि प्रकारको उत्खनन गर्ने मेसिनको प्रयोग गर्न पाईने छैन)।

१४. खोलाजन्य पदार्थ उत्खनन र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाँध, लोकमार्ग र सडकमार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थानहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ ।

१५. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

१६. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उत्खनन तथा बिक्री सम्वन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१७. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१८. सम्झौता भएपछी बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खनन गरी भण्डारण गर्नु परेमा बेलबारी नगरपालिकाको पूर्व स्वीकृति लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ । खोलाजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन । स्वीकृति लिई भण्डारण गरिएका खोलाजन्य पदार्थहरुको २०८० असाढ असान्त भित्र मौज्दात शुन्य गरीसक्नु पर्नेछ ।

१९. २०८० जेष्ठ मसान्त देखि २०८० असाढ मसान्तसम्म सम्झौता गरेको बोलपत्रदाता वा सो समय भित्र वा पछि अन्य कानुन बमोजिम खोलाजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्यक्ति / फर्म / कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नुपर्ने भएमा (Stock प्रमाणित) प्रतिघटफिट रु १ (एक) का दरले नगरपालिकालाई प्रमाणित दस्तुर बुझाउनुपर्नेछ ।आषाढ मसान्त सम्म स्टक प्रमाणितका लागि पेश नभएका साथै नियमानुसार स्टक प्रमाणित नभएका खोलाजन्य पदार्थहरुको हकमा नगरपालिकाले जफत गरी लिलाम बिक्रि वा आवश्यकतानुसारको निर्णय गर्न सक्नेछ ।

२०. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही खोलाजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२१. ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२२. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।

२३. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२४. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२५. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२७. यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२८. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, belbarimunmorang@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## लोहन्द्रा खोलाको श्रम जन्य प्रविधि / प्रकृयाबाट मात्र खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धि BoQ - २०७९

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन योग्य परिमाण (घन फिट) | कुल कबोल रकम (म.अ.कर. र अग्रिम आयकर बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | BM/MOR/G/NCB-01-2079-080 | लोहन्द्रा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य | मिक्स गिट्टी : २६४९००० | | | |
| | जम्मा रकम | | | | | |
| | मु.अ.कर (१३ प्रतिशत) | | | | | |
| | कुल रकम | | | | | |

नोट : सूचनामा उल्लिखित विषय र प्रचलित कानुन बमोजिम हुने गरी फर्म / कम्पनीले यस प्रकृयामा सहभागी भएका छौं ।

पेश गर्ने फर्म / कम्पनीको नाम :

पेश गर्ने फर्म / कम्पनीको ठेगाना :

पेश गर्ने फर्म / कम्पनीको फोन नं. :

पेश गर्ने फर्म / कम्पनीको ईमेल :

प्रतिनिधिको हस्ताक्षर :

प्रतिनिधिको नाम :

मिति :

पेश गर्ने फर्म / कम्पनीको छाप :

चिसाङ खोलाको BOQ संलग्न नाका, परिमाण र ठेगाना

| सि.न | क्षेत्र नं. | स्थानीय तह र वडा | ठेगाना | उत्खनन योग्य परिमाण घ.मि | कैफियत |
|---|---|---|---|---|---|
| 1 | चिसांगखोला नहर माथि१ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | माथिल्लो राधानगर (गौथली चोक) नाका | 9000 | |
| 2 | चिसांगखोला नहर माथि२ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | माने चोकबाग झोडा नाका (स्थल नं. १ ) | 3600 | |
| 3 | चिसांगखोला नहर माथि३ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | माने चोकबाग झोडा नाका (स्थल नं. २ ) | 0 | पुल बन्दै गरेको छ |
| 4 | चिसांगखोला नहर माथि४ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | शान्तिटोल नाका (स्थल नं. १)) | 2000 | |
| 5 | चिसांगखोला नहर माथि५ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | शान्तिटोल नाका (स्थल नं. २) | 1540 | |
| 6 | चिसांगखोला नहर माथि६ | बे.न.पा. -०७/ का.गा.पा. -०२ | बहोरा नाका | 3328 | |
| 7 | चिसांगखोला नहर माथि७ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | श्रीजनाटोल नाका (स्थल नं. १)) | 1600 | |
| 8 | चिसांगखोला नहर माथि८ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | श्रीजनाटोल नाका (स्थल नं. २) | 4000 | |
| 9 | चिसांगखोला नहर माथि९ | वे.न.पा.- ०८/ का.गा.पा. -०५ | श्रीजनाटोल नाका (स्थल नं. ३) | 2290 | |
| 10 | चिसांगखोला नहर माथि१० | बे.न.पा. -०७/ का.गा.पा. -०२ | दौलतपुरक नाका (स्थल नं. १)) | 3300 | |
| 11 | चिसांगखोला नहर माथि११ | बे.न.पा. -०७/ का.गा.पा. -०२ | दौलतपुरक नाका (स्थल नं. २) | 3150 | |
| 12 | चिसांगखोला नहर माथि१२ | बे.न.पा. -०७/ का.गा.पा. -०२ | दौलतपुरक नाका (स्थल नं. ३) | 3240 | |
| 13 | चिसांगखोला नहर माथि१३ | बे.न.पा. -०७/ का.गा.पा. -०२ | दौलतपुर ख नाका (स्थल नं. १)) | 4950 | |
| 14 | चिसांगखोला नहर माथि१४ | बे.न.पा. -०७/ का.गा.पा. -०२ | दौलतपुर ख नाका (स्थल नं. २) | 4400 | |
| 15 | चिसांगखोला तल्लो नहर १ | का.गा.पा. -०2 | धाबी टोल नाका | 3600.00 | |
| 16 | चिसांगखोला तल्लो नहर २ | का.गा.पा. -०2 | विसनपुर नाका | 4400.00 | |
| 17 | चिसांगखोला तल्लो नहर ३ | का.गा.पा. -०2 | झरनाकुटी नाका (स्थल नं. १ ) | 3200.00 | |
| 18 | चिसांगखोला तल्लो नहर ४ | का.गा.पा. -०2 | झरनाकुटी नाका (स्थल नं. २ ) | 1200.00 | |
| | | जम्मा | | **58798** | |

बाल कृष्ण निरौला
इन्जिनियर

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

## लोहन्द्रा खोला BOQ संलग्न नाका र परिमाण सम्बन्धि विवरण

| सि.न | क्षेत्र नं. | नाकाहरु | उत्खनन योग्य परिमाण घ.मि | कैफियत |
|---|---|---|---|---|
| १ | लोहन्द्रा खोला | बिहानीटोल नाका (स्थलगत १) | २४०० | |
| २ | लोहन्द्रा खोला | बिहानीटोल नाका (स्थलगत २ ) | ३६०० | |
| ३ | लोहन्द्रा खोला | बिहानीटोल नाका (स्थलगत ३ ) | ० | खानेपानीको पाईप क्रस भएको |
| ४ | लोहन्द्रा खोला | गौतमटोल/भेडा नाका( स्थलगत १ ) | ० | पुरानो सिंचाई पैनी रहेको |
| ५ | लोहन्द्रा खोला | गौतमटोल/भेडा नाका( स्थलगत २ ) | ३२४० | |
| ६ | लोहन्द्रा खोला | गौतमटोल/भेडा नाका( स्थलगत ३ ) | २०५२ | |
| ७ | लोहन्द्रा खोला | सिजुबारी नाका नाका (स्थलगत १ ) | २१६० | |
| ८ | लोहन्द्रा खोला | सिजुबारी नाका (स्थलगत २ ) | ३६०० | |
| ९ | लोहन्द्रा खोला | सिजुबारी नाका (स्थलगत ३ ) | ४२०० | |
| १० | लोहन्द्रा खोला | शुक्रबारे नाका | २७०० | |
| ११ | लोहन्द्रा खोला | खोरिया नाका ( स्थलगत १ ) | ३६०० | |
| १२ | लोहन्द्रा खोला | खोरिया नाका ( स्थलगत २ ) | ३७७० | |
| १३ | लोहन्द्रा खोला | कसेनीनाका | ३४८० | |
| १४ | लोहन्द्रा खोला संयुक्त | बेलचौरी नाका स्थलगत ( १ ) | ४९०५ | |
| १५ | लोहन्द्रा खोला संयुक्त | बेलचौरी नाका स्थलगत ( २ ) | ४४१० | |
| १६ | लोहन्द्रा खोला संयुक्त | नक्सल नाका | ४५०० | |
| १७ | लोहन्द्रा खोला संयुक्त | दोगडे नाका (स्थलगत १ ) | २००० | |
| १८ | लोहन्द्रा खोला संयुक्त | दोगडे नाका (स्थलगत २ ) | २२५० | |
| १९ | लोहन्द्रा खोला संयुक्त | दोगडे नाका (स्थलगत ३ ) | २५०० | |
| २० | लोहन्द्रा खोला संयुक्त | गडगाउँ नाका ( स्थलगत १ ) | १५७५ | |
| २१ | लोहन्द्रा खोला संयुक्त | गडगाउँ नाका ( स्थलगत २ ) | १००० | |
| २२ | लोहन्द्रा खोला संयुक्त | गडगाउँ नाका ( स्थलगत ३ ) | १७५० | |
| २३ | लोहन्द्रा खोला संयुक्त | कुमारगाउँ नाका | ० | बेतना सिंचाई कुलो/पैनी रहेको |
| २४ | लोहन्द्रा खोला संयुक्त | हरैचा नाका | २५०० | |
| २५ | लोहन्द्रा खोला संयुक्त | माथिल्लो कसेनी नाका (स्थलगत १ ) | १००० | |
| २६ | लोहन्द्रा खोला संयुक्त | माथिल्लो कसेनीनाका(स्थलगत २ ) | १५८० | |
| २७ | लोहन्द्रा खोला संयुक्त | भोला चोक नाका | ५२५ | |
| २८ | लोहन्द्रा खोला संयुक्त | सिंग्या अडगडा नाका (स्थलगत १ ) | १५०० | |

बाल कृष्ण निरौला
इञ्जिनियर

| | | | | |
|---|---|---|---|---|
| २९ | लोहन्द्रा खोला संयुक्त | सिंग्या अडगडा नाका (स्थलगत २ ) | २३३५.२० | |
| ३० | लोहन्द्रा खोला संयुक्त | कोरिया डाँगी नाका (स्थलगत १ ) | ११०० | |
| ३१ | लोहन्द्रा खोला संयुक्त | कोरिया डाँगी नाका (स्थलगत २ ) | ९०० | |
| ३२ | लोहन्द्रा खोला संयुक्त | भकारीझोडा नाका | ८७७.५० | |
| ३३ | लोहन्द्रा खोला संयुक्त | चप्रामारी नाका | १२५० | |
| ३४ | लोहन्द्रा खोला संयुक्त | भ्रचुवल घाटनाका | २०२५ | |
| ३५ | लोहन्द्रा खोला संयुक्त | मटीयारी नाका | ० | पुल बन्दै गरेको छ |
| ३६ | लोहन्द्रा खोला संयुक्त | मोतिपुर नाका(स्थलगत १ ) | १००० | |
| ३७ | लोहन्द्रा खोला संयुक्त | मोतिपुर नाका(स्थलगत २ ) | १२५० | |
| जम्मा परिमाण | | | ७७५३४.७ | सुचना प्रकाशन ७५००० घ.मि को |

नोट :-दैनिक उत्खनन गर्न सक्ने परिमाणका आधारमा परिमाण तय गरिएको छ सम्झौताको बखत उत्खनन अवधि र प्रति दिन उत्खनन गर्न सकिने परिमाण एकिन गरि सम्झौता गरिनेछ

बाल कृष्ण निरौला
इञ्जिनियर

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

लोहन्द्रा

७